आज मिति २०८२।०५।०३ गते मंगलबारका दिन विहानको ८:०० बजे लिखु गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री धुव श्रेष्ठज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको आ.व. २०८२/०८३ को दोस्रो बैठक बसी विभिन्न प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | धुव श्रेष्ठ | कार्यपालिका अध्यक्ष | |
| २ | सुभद्रा अधिकारी उप्रेती | कार्यपालिका उपाध्यक्ष | |
| ३ | नरहरि पाण्डे | वडा अध्यक्ष | |
| ४ | प्रेम बहादुर थापामगर | वडा अध्यक्ष | |
| ५ | सीताराम पुलामी मगर | वडा अध्यक्ष | |
| ६ | प्रकाश राई | वडा अध्यक्ष | |
| ७ | विश्व प्रसाद खतिवडा | वडा अध्यक्ष | |
| ८ | सुमन भण्डारी | वडा अध्यक्ष | |
| ९ | चम्पा राजभण्डारी | कार्यपालिका सदस्य | |
| १० | निकिसा राई | कार्यपालिका सलस्य | |
| ११ | मिना राई | कार्यपालिका सदस्य | मिना |
| १२ | ज्ञानी रोक्का | कार्यपालिका सदस्य | |
| १३ | दिल कुमारी घले | कार्यपालिका सदस्य | |
| १४ | शुशील मिजार | कार्यपालिका सदस्य | |
| १५ | शेर सिंह रावत | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

मिति २०८२।०५।०३ गतेको कार्यपालिकाको बैठकमा छलफलका विषयहरु :

| क्रम संख्या | विषय | कैफियत |
|---|---|---|
| १ | अघिल्लो वैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्वन्धमा । | |
| २ | भुमी सम्वन्धी । | |
| ३ | आन्तरिक आय संकलनमा खटिएका कर्मचारीहरुको पारिश्रमिक भुक्तानी सम्वन्धमा । | |
| ४ | आ.व. २०८१/०८२ को वार्षिक समीक्षा वैठक सम्वन्धमा । | |
| ५ | विविध<br>क) आ.व. २०८२/०८३ को ज्याला दररेट स्वीकृति सम्वन्धमा ।<br>ख) लिखु गाउँपालिकाको प्रस्तावित केन्द्र लिखु ४ गड्खारको मापदण्ड सम्वन्धमा । | |

निर्णयहरु :

| निर्णय नं. | निर्णयको व्यहोरा |
|---|---|
| १ | लिखु गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८२।०४।०८ गते बसेको आ.व. २०८२/०८३ को प्रथम वैठकको निर्णयहरु कार्यान्वयन भएको पाइयो । |
| २ | भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरु मध्ये हाल निवेदन प्राप्त ६२ जना भूमिहीन दलित तथा भूमिहीन सुकुम्वासीहरुलाइ जग्गा उपलब्ध गराउनको लागि आवश्यक प्रकृया अगाडि वढाउन भूमि समस्या समाधन आयोग, जिल्ला समिति नुवाकोट लाई अनुरोध गर्ने । |
| ३ | आ.व. २०८२/०८३ को लागि आन्तरिक आय संकलनको लागि ठेक्का वन्दोवस्त नभए सम्म (२०८२।०४।०१ देखि २०८२।०४।०८ सम्म) कार्यालयका कर्मचारीहरुबाट आय संकलन गरिएकोमा निजहरुको लागि दैनिक रु ५००।०० र थप १ जनालाई करार गरिएकोमा निजको दैनिक रु ८००।०० का दरले हुन आउने कुल रकम र राजस्व संकलनको अनुगमन कार्यको लागि अनुगमन खर्च समेत जम्मा रु ८६४००।०० (छयासी हजार चार सय मात्र) भुक्तानी दिने । |
| ४ | आ.व. २०८१/०८२ मा लिखु गाउँपालिकाबाट सन्चालित कार्यक्रमहरु एवं यस पालिकाभित्र कार्यक्षेत्र भएका गैससहरुबाट सन्चालित कार्यक्रमहरुको वार्षिक प्रगति समिक्षा वैठक यही २०८२ भाद्र १९ गते गाउँपालिकाको सभाहलमा सन्चालन गर्ने । |
| ५ | क) लिखु गाउँपालिकाको आ.व. २०८२/०८३ को ज्याला दररेट स्वीकृत गर्ने ।<br>ख) लिखु गाउँपालिका, नुवाकोटको केन्द्र साविक सुर्यमति गाविसको कार्यालय, लिखु ३ भलाद्मीडाँडाबाट केन्द्र परिवर्तन गरी साविक चौघडा गाविस वडा नं. ८ हाल लिखु गापा वडा नं. ४ गड्खारमा कायम गर्नको लागि लिखु गाउँपालिका, गाउँसभाको १७ औं अधिवेशनको पहिलो बैठकबाट प्रदेश सरकार मार्फत नेपाल सरकारमा अनुरोध गर्ने निर्णय |

प्रमुख प्रशासकीय अधिकृत

ध्रव श्रेष्ठ

भए वमोजिम वागमती प्रदेश सरकार समक्ष अनुरोध गरी पठाइएकोमा वागमती प्रदेश सरकार, मन्त्रीपरिषद्बाट मिति २०८२।०३।२० मा *लिखु गाउँपालिकाको केन्द्र लिखु गाउँपालिकाको वडा नं. ४ गड्खारमा कायम गर्ने भनि लिखु गाउँपालिकाको गाउँसभाले पारित गरी गाउँ कार्यपालिका मार्फत प्राप्त प्रस्ताव नेपाल सरकारमा पठाउने* निर्णय भएको जानकारी प्राप्त भएको हुँदा नेपाल सरकारबाट जारी भएको गाउँपालिका तथा नगरपालिकाको केन्द्र निर्धारण सम्वन्धी मापदण्ड, २०७५ वमोजिम प्रस्तावित केन्द्र लिखु ४ गड्खारमा रहेको चौघडा सिंचाई सव डिभिजनको नाममा रहेको कि.नं. ३६८ क्षेत्रफल ५-१५-१-३ र कि.नं. ९०१ क्षेत्रफल ०-६-०-० समेतको जम्मा ६-५-१-३ जग्गामा प्रशासकीय भवन निर्माण गर्न तोकिएका सवै मापदण्डहरु पुरा हुने भएकोले मापदण्डमा उल्लेखित बुँदाहरुमा तपसिल वमोजिम खुलाई पुष्ट्याइ सहित संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकार समक्ष पठाउने निर्णय गरियो ।

| क्र.सं. | सूचकको विवरण | सूचकको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | जग्गाको क्षेत्रफल कम्तीमा ६ रोपनी हुनुपर्ने | प्रस्तावित केन्द्र रहने स्थान साविक चौघडा गाविस वडा नं. ८ हाल लिखु ४ स्थित गड्खारमा रहेको चौघडा सिंचाइ सव डिभिजनको नाममा रहेको कि.नं. ३६८ क्षेत्रफल ५-१५-१-३ र कि.नं. ९०१ क्षेत्रफल ०-६-०-० समेज जम्मा ६-५-१-३ जग्गा उपलब्ध हुने अवस्था रहेको । | |
| २ | पहुँच (कम्तीमा ६० प्रतिशत जनताको सहज पहुँच भएको स्थान हुनुपर्ने) | पुरा भएको (न्युनतम ९० प्रतिशत जनतालाई सहज पहुँच हुने र पायक पर्ने) | |
| ३ | भौतिक पूर्वाधार | | |
| | क) स्थानीय पूर्वाधार ( खानेपानी, सन्चार, विद्युत जस्ता पूर्वाधारहरुको) उपलब्ध भएको वा कम खर्चमा उपलब्ध हुन सक्ने स्थान | पुरा भएको (उल्लेखित पूर्वाधारहरु सवै उपलब्ध भएको) | |
| | ख) प्रदेश सरकार सँगको आवागमनमा सहज हुने स्थान | पुरा भएको (उक्त स्थान मध्यपहाडि लोकमार्गबाट करीव ५०० मीटरको दुरीमा रहेको र नुवाकोटको पूर्वी भेगमा जाने कालोपत्रे सडकको नजिक रहेको) | |
| | ग) नेपाल सरकारले | पुरा भएको (नेपाल सरकारले | |

लिखु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

प्रमुख प्रशासकीय अधिकृत

ध्रुव श्रेष्ठ
अध्यक्ष

| | | | |
|---|---|---|---|
| | भौतिक पूर्वाधारमा गरेको लगानीको सदुपयोग हुने स्थान | भौतिक पूर्वाधारमा गरेको लगानी सदुपयोग हुने स्थान रहेको) | |
| | घ) खेतियोग्य जग्गाको प्रयोग नगरी वैकल्पिक जग्गा प्रयोग गर्न सकिने स्थान | पुरा भएको (सरकारी जग्गा भएकौले खेतियोग्य जमिनको प्रयोग नहुने) | |
| | ङ) प्राकृतिक विपद्को जोखिम कम भएको र कम भिरालो जग्गा | पुरा भएको (उक्त स्थानमा समथर जमिन रहेकोले प्राकृतिक विपद्को जोखिम नरहेको) | |
| | च) मुख्य वजार केन्द्र भन्दा केही परको दुरीमा रहेको स्थान | पुरा भएको (उक्त स्थानको वरीपरी वजार केन्द्र नरहेको) | |
| ४ | अन्य | | |
| | क) ऐतिहासिक, सामाजिक र सांस्कृतिक हिसावले मौलिकता भएको स्थान | पुरा भएको | |
| | ख) सुरक्षाका दृष्टिले उपयुक्त, सुरक्षित तथा रणनैतिक रुपमा महत्वपूर्ण स्थान | पुरा भएको (उक्त स्थानभन्दा करीव ४ किमिको दुरीमा ढिकुरे इलाका प्रहरी कार्यालय र करीव ६ किमीको दुरीमा छहरे प्रहरी पोष्ट रहेको र उपरोक्त दुवै सुरक्षा निकायहरु मध्यपहाडि लोकमार्ग छेउमा रहेकोले सुरक्षाको दृष्टिकोणले उपयुक्त) | |
| | ग) राजनैतिक तथा सामाजिक रुपमा सर्वस्वीकार्य हुन सक्ने स्थान | पुरा भएको | |

प्रमुख प्रशासकीय अधिकृत

ध्रुव श्रेष्ठ
अध्यक्ष

लिखु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, नेपाल
नुवाकोट